# बलरा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## बलरा सर्लाही
## मधेश प्रदेश, नेपाल

प.स. :-२०८२/०८३
च. न.:- ९९२

मिति : २०८२।१०।२७

श्री सवै वडा कार्यालय
बलरा नगरपालिका, सर्लाही ।

विषय : जानकारी गराईएको बारे ।

उपरोक्त सम्बन्धमा श्री इन्दुशंकर चिनी उधोग लिमिटेडको प.स.२०८२।०८३ च.न.९१० मिति २०८२।१०।०५ गतेको प्राप्त सुचना सवै उखु किसानहरुले जानकारी पाउने गरि सार्वजनिक सुचना जारी गर्नु हुन यसै साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

..................................
कौशलेन्द्र मिश्र
प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

मितिः-२०८२/०६/२६

**सूचना । सूचना ।। सूचना ।।।**

## आदरणिय उखु किसान दाजु,भाई तथा दिदी,बहिनीहरू,

उखुको उच्च उत्पादनबाट नै उखु कृषकहरुको साथै चिनी उद्योगहरुले पनि प्रतिफल पाउने तथ्य छर्लङ्ग नै छ । जबसम्म उखुको उत्पादन गुणात्मक रुपले वृद्धि हुँदैन तबसम्म उखु कृषकहरुले उच्च प्रतिफल नपाउने र चिनी उद्योगहरुले पनि पर्याप्त कच्चा पदार्थ (उखु) नपाउने अवस्था रहि नै रहन्छ ।

यहि कारणले गर्दा हामीले पटक-पटक सूचना एवं विभिन्न प्रशारण माध्यमद्धारा सिफारिस गरिएको उन्नत जात उखुको विउबाट मात्र उखु खेती गर्न जानकारी गराई रहेका छौ । सिफारिस गरिएका जातको उखु बढी फल्ने भई उत्पादकत्व बढ्ने भएकोले नै हामी चिनी उद्योगहरुले उखु कृषकहरुलाई रिजेक्टेड अर्थात कमसल भेराइटी नलाउन बारम्बार भनिरहेका छौ । साथै उन्नत जातको उखु खेती मात्र गर्न प्रोत्साहित गरिरहेका छौ ।

उद्योगहरुको यस्तो प्रयत्नको बाबजुद पनि उखु कृषकहरुले रिजेक्टेड अर्थात कमसल भेराईटीको खेती गरि रहेको पाईएको छ । जसबाट उखु उत्पादन कम भएर उखु कृषकहरु पनि प्रभावित भईरहेको र चिनी उद्योगहरु पनि समस्यामा परिरहेका छन् ।

अतः सिफारिस नगरिएको वा रिजेक्टेड भोराईटी **कस ९२०६,कस ८८२१६,कस ०२३५,कस ९१२६९ (शेरेपन्जाव), विओ ९१, कोप २०६१, विओ १४७,विओ १३९,विओ १४१,विओ १५०,बिओ ११०,कोसे ९२४२३,कोसे ९२२७०,को ०२३३, कोप ९३०२, कोप ७२५०, कल्क ८१०२,** जातको (उखुहरुमा औसत रिकभरी ६ देखि ७ प्रतिशत मात्र हुने भएकोले साथै रोगहरु बढी लाग्ने र छिमेकीको खेतमा रोगहरु चाँडै सर्ने ठूलो समस्या पनि देखिएकोले) उखु खेती नगर्न नगराउन हुन हामी पुनः संयूक्त रुपमा उखु कृषकहरुमा अनुरोध गर्दछौ । क्रसिङ्ग सिजन २०८३/०८४ देखि त्यस्तो रिजेक्टेड अर्थात कमसल भेराईटीको उखु हामी उद्योगहरुले खरिद नगर्ने हुँदा त्यस्तो उखुको जिम्मेवारी स्वयंम उखु किसानहरुको हुने व्यहोरा समेत समस्त उखु कृषक दाजु,भाई दिदी बहिनीहरुमा अग्रीम जानकारी गराउन चाहन्छौ ।

अतः सिफारिस गरिएको प्रिमियम जातहरु अपलैण्ड (उच्च जग्गा) का लागी **को.०११८, कल्क १६२०२, कस १७२३१, सिओ ०२३८,सिओ ०२३९,कस १३२३५, को १५०२३, कल्क १४२०१, सि.ओ.जे ८५ कस ८८२३० र कोसे ९८२३१ तथा लोलैण्ड (होचो जग्गा) को लागी कल्क ९४१८४, कोप ९३०१, को. ९८०१४, यूपी. ०५१२५ र सामान्य जात कस ८२७९,कस ८४३६** जातको उखु खेती (टाईकोडर्मा, टि.पी.एम र कोराजीन अनिवार्य प्रयोग गरेर) मात्र गर्न हुन र ति जातको उखुका विउहरु प्रयाप्त मात्रामा उपलब्ध रहेको हुँदा आ-आफ्नो चिनी उद्योगहरुमा सम्पर्क राख्न हुन समेत संयूक्त रुपमा हार्दिक अनुरोध गर्दछौ ।

## अनुरोधकर्ता चिनी उद्योगहरु

इन्दुशंकर चिनी उद्योग लिमिटेड
हरिवन,सर्लाही
फोन नंः ९८५४०३५११७

एभरेष्ट सुगर एण्ड के.ई.लि.
रामनगर,महोत्तरी
फोन नंः ९८५४०२४६५३

रिलायन्स सुगर एण्ड के.ई.प्रा.लि.
मनहर्वा,कलैया,बारा
फोन नंः ९८०२९२४४४९

श्री महालक्ष्मी सुगर प्रा.लि.
बगदह,सर्लाही
फोन नंः ९७६५६९८१५५

बाबा बैजुनाथ सुगर एण्ड के.ई.प्रा.लि.
कटहरिया-६,रौतहट
फोन नंः ९८४५०९३२८१

अन्नपूर्ण सुगर एण्ड जेनरल ई.प्रा.लि.
धनकौल,सर्लाही
फोन नंः ९८४४५५००५५

हिमालय सुगर मिल्स लि.
पानवारी,सिराहा
फोन नंः ९८५४०२८८८९

Scanned with CamScanner